# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

पोखरा महानगरपालिका
POKHARA METROPOLITAN CITY

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np


पत्र संख्या : २०८२/०८३
च.नं. : ८०७९

मिति: २०८३/०३/०१

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय न्यूरोड, कास्की गण्डकी प्रदेश, नेपाल

श्री वडा अध्यक्षज्यूहरु,
वडा नं १ देखि ३३ (सबै)
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै),
पोखरा महानगरपालिका ।

**विषय: बैठक समय र स्थान संशोधन सम्बन्धमा ।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ६९औं बैठक मिति २०८३ असार २ गते (मंगलबार) बिहान ८ बजे पोखरा उपत्यका नगर विकास समितिको सभाहलमा बस्ने भनी पत्राचार भएकोमा विशेष कारणबश उक्त बैठक तपशिलको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ । साथै कार्यपालिका बैठकका कार्यसूची (एजेण्डा) यस अघिको पत्रमा उल्लेख गरी पठाइएको व्यहोरा समेत अनुरोध छ ।

**तपशिल:**

मिति: २०८३ असार २ गते (मंगलबार)
समय: दिनको २:०० बजे
स्थान: व्यवसाय प्रवर्द्धन केन्द्रको सभाहल, पोखरा-८ सभागृह ।

..............................
मुक्तिराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थ:**

श्रीमान् नगर प्रमुखज्यू, पोखरा महानगरपालिका ।
श्रीमान् नगर उप-प्रमुखज्यू, पोखरा महानगरपालिका ।

मिति -२०८३/०३/०२ गते (मंगलबार) स्थान - पोखरासभागृह, व्यवसाय प्रवर्द्धन केन्द्रको सभाकक्ष

बैठक संख्या- ६९ समय- दिनको: ०२ -०० बजे

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यापालिकाको ६९ औ बैठक तपशिल बमोजिमको उपस्थितिमा बस्यो । उपस्थिति-

| सि नं. | पद | पोखरा महानगरपालिका | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिब | प्रमुख प्रशासकीय अधिकृत | श्री मुक्तिराम अर्याल | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं.-१ | श्री शाहरा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.-४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं.-५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं.-६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं.-७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं.-८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं.-९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं.-१० | श्री राजेश गुरुङ | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं.-११ | श्री प्रेम प्रसाद कर्मचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं.-१२ | श्री सन्तोष बास्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं.-१३ | श्री किरण बराल | |

| | | | | |
|---|---|---|---|---|
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं.-१४ | श्री बोध बहादुर कार्की | बोधबहादुर कार्की |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं.-१५ | श्री तोरण बहादुर बानियाँ | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं.-१६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं.-१७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं.-१८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं.-१९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं.-२० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं.-२१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं.-२२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं.-२३ | श्री रामकाजी गुरुङ | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं.-२४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | का.वा. अध्यक्ष वडा नं.-२५ | श्री धन कुमारी पोखेल | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं.-२६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं.-२७ | श्री पूर्ण कुमार गुरुङ | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं.-२८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं.-२९ | श्री श्रीप्रसाद गुरुङ | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं.-३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं.-३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं.-३२ | श्री अक्कल बहादुर कार्की | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं.-३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोविन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | …… | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |
| | | | | |

**पोखरा महानगरपालिका**

न्यूरोड, पोखरा

**<u>६९औँ कार्यपालिका बैठक मिति २०८३/०३/०२ गते</u>**

**<u>निर्णय.नं १</u>**

६८औँ कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो ।

**<u>निर्णय नं २</u>**

मिति २०८३/०१/३१ मा बजेट सीमा तथा मार्गदर्शन साथ तहाँ प्रेषित गरिएको बजेट सिलिङभित्र रही आ.व. २०८३/०८४ का लागि प्रस्तावित योजना तथा कार्यक्रमहरू SuTRA प्रणालीमा मिति २०८३/०३/०३ गते दिउँसो ४:०० बजेसम्म प्रविष्टि गर्न वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै चालु आ.व.मा काम सम्पन्न भई भुक्तानी बाँकी रहेका योजना तथा कार्यक्रमको आर्थिक दायित्व महानगरपालिकामा रहने गरी वडाको भुक्तानी बाँकी शिर्षकमा योजनागत तथा कार्यक्रमगत विवरण समावेश गरी मिति २०८३/०३/०३ गते दिउँसो ४:०० बजेसम्म SuTRA प्रणालीमा प्रविष्टि गर्न वडा कार्यालयलाई निर्देशन दिने निर्णय समेत गरियो ।

**<u>निर्णय नं ३</u>**

तपशिल बमोजिमका नीति तथा कार्यक्रम, बजेट र विधेयक/संशोधन विधेयक/मापदण्ड अध्ययन गरी सुझाव पेश गर्नका लागि वडा कार्यालयमा पठाउने निर्णय गरियो ।

क. आर्थिक बर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम,
ख. आर्थिक बर्ष २०८३/०८४ को बजेट वक्तव्य तथा बार्षिक विकास कार्यक्रम,
ग. आर्थिक विधेयक, २०८३,
घ. विनियोजन विधेयक, २०८३,
ङ. नगरसभामा पेश हुने विधेयक/संशोधन विधेयक/मापदण्ड,

**<u>निर्णय नं ४</u>**

पोखरा महानगरपालिकाको मिति २०८३/०२/१२ को ६७औँ कार्यपालिका बैठकको निर्णयबाट वडा नं.-९ स्थित पोखरा बसपार्कमा नगर विकास समितिको स्वामित्वमा रहेको जग्गामा रहेका संरचनामा बसोवास गरेका सुकुम्वासीहरुले महानगरमा पेश गरेको निस्शा/लालपुर्जा, नेपाली नागरिकता लगायतका कागज़ातहरुको सम्बन्धमा अध्ययन, जाँचबुझ, छानविन गरी १० (दश) कार्यदिन भित्र राय सुझाव सहितको प्रतिवेदन पेश गर्न महानगरपालिकाका प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा गठित समितिबाट आफ्नो काम पूरा हुन केही समय लाग्ने भनी म्याद थपका लागि भएको अनुरोध बमोजिम उक्त समितिबाट काम सम्पन्न गर्ने अवधि १५(पन्ध्र) कार्यदिन थप गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ५</u>**

पोखरा महानगरपालिकाको मिति २०८३/०२/१२ को ६७औँ कार्यपालिका बैठकको निर्णयबाट पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको पोखरा बसपार्क स्थित जग्गामा बसोबास गरिरहेका लालपूर्जा भएका व्यक्ति/संस्थाका सम्बन्धमा नेपाल सरकारबाट जारी हुने नीति, ऐन,नियम, निर्देशन, परिपत्र बमोजिम गर्ने गरी हाल बसपार्क क्षेत्रमा बसोबास गरिरहेका त्यस्ता व्यक्ति/संस्थाको नाममा पोखरा उपत्यका नगर विकास समितिबाट नगद लिई बितरण गरिएको, सट्टा भर्ना गरिएको तथा जग्गाधनी प्रमाण पुर्जा भएको जग्गाका सम्बन्धमा जाँचबुझ, अध्ययन विश्लेषण तथा छानविन गरी १५ (पन्ध्र) दिन भित्र राय सुझाव सहितको प्रतिवेदन पेश गर्न पूर्व न्यायधीस श्री शंकरराज बरालको संयोजकत्वमा गठित समितिबाट आफ्नो काम पूरा हुन केही समय लाग्ने भनी म्याद थपका लागि भएको अनुरोध बमोजिम उक्त समितिबाट काम सम्पन्न गर्ने अवधि १५(पन्ध्र) कार्यदिन थप गर्ने निर्णय गरियो ।